# चौंरीदेउराली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ढाँडखर्क भञ्याङ्ग, काभ्रेपलाञ्चोक

**सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति २०७८/०९/१३

प्रस्तुत विषयमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिकाको दफा ५ बमोजिम आर्थिक बर्ष २०७८/७९ को लागि तपशिल बमोजिमको उद्यम विकास सहजकर्ताको सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तपशिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागारिकबाट दरखास्त सूचना आव्हान गरिएको छ ।

| क्र.स | विज्ञापन नं. | पद नाम | तह | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०३/०७८/७९ | उद्यम विकास सहजकर्ता | चौंथो | १ | |

१. <u>आवश्यक न्यूनतम योग्यता र अनुभव :</u>
- प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम केन्द्र (CTEVT) बाट उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तिर्ण गरेको वा
- प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम केन्द्र (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी सिप परिक्षण तह ३ उत्तिर्ण गरेको वा
- प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम केन्द्र (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (TSLC) ३ उत्तिर्ण गरेको ।

२. **उमेरः** १८ वर्ष पुरा भई ४० वर्ष पुरा ननाघेको ।

३. **दरखास्त दिने स्थानः** चौंरीदेउराली गाउँपालिकाको कार्यालय ढाँडखर्क भञ्याङ्ग, काभ्रे ।

४. **दरखास्त फाराम पाइने स्थानः** चौंरीदेउराली गाउँपालिकाको कार्यालय ढाँडखर्क भञ्याङ्ग, काभ्रे वा www.chaurideuralimun.gov.np मा उपलब्ध हुनेछ ।

१. **आवेदन दस्तुरः** रु ४००।- यस कार्यालयमा वा एन.सी.सी. बैंक चौंरीदेउराली शाखा ग.१.१ आन्तरिक राजश्व खाता नं. १४४०००००३११०१ मा रकम जम्मा गरेको भौचरको प्रतिलिपी पेश गर्ने ।

५. **दरखास्त दिने अन्तिम मितिः** २०७८/०९/१९ गते कार्यालय समय भित्र ।

६. **आवेदन साथ संलग्न हुनुपर्ने कागजातहरुः** क) निवेदन, ख) बायोडाटा, ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, घ) सीप परीक्षणको प्रमाणपत्र भएमा त्यसको प्रतिलिपी, ङ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, च) कामको अनुभव खुलेको कागजातहरू

७. **सेवा तथा सुविधाहरूः** योग्यता र अनुभवको आधारमा गाउँपालिकाले सम्झौतामा तोकेअनुसार तलब स्केल र फिल्डमा खटिएको अवस्थामा यातायात खर्च तथा दैनिक भ्रमण भत्ता उपलब्ध गराईनेछ ।

**छनौटको तरिकाः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गरी अन्तरवार्ता लिइने छ ।

- स्थानीय तथा अनुभवीलाई प्राथमिकता दिइनेछ ।
- दरखास्त सम्बन्धी फाराम तथा अन्य जानकारीको लागि सम्पर्क यस गाउँपालिकाको वेबसाइट https://chaurideuralimun.gov.np ९८५१३१००९२ मा सम्पर्क गर्न सकिने छ ।

महान दास लामा
प्रमुख प्रशासकीय अधिकृत